# ढोरपाटन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बुर्तिबाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

मिति : २०८२।०५।२४

**विषय : शोक विदा सम्बन्धमा ।**

हिजो मिति: २०८२ साल भाद्र २३ गतेका दिन देशका विभिन्न भागमा **"जेनजी पुस्ताले गरेको शान्तिपूर्ण प्रदर्शन र आन्दोलन"** का क्रममा थुप्रै युवा तथा विद्यार्थीहरू (विशेष गरी जेनजी पुस्ता) ले अमूल्य ज्यान गुमाउनु परेको अत्यन्त दुःखद तथा पीडादायी अवस्थाले हामी सबैलाई मर्माहत तुल्याएको छ । यस अकल्पनीय घटनाले सम्पूर्ण राष्ट्रलाई शोकाकुल बनाएको छ । हामी दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै उपचाररत सम्पूर्ण घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । दर्जनौं होनहार युवाहरूले ज्यान गुमाउनु परेको यस दुःखद घडीमा दिवंगत आत्माप्रति श्रद्धाञ्जलि अर्पण गर्दै आज मिति : २०८२ साल भाद्र २४ गते, मंगलवारका दिन यस कार्यालयका साथै मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा सम्पूर्ण संघ–संस्थाहरूमा शोक विदा दिने निर्णय गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस विषम परिस्थितिलाई संयमता र धैर्यताका साथ सामना गर्दै सामाजिक शान्ति, सद्भाव र सहिष्णुता कायम राख्न सबै पक्षहरूलाई आह्वान गर्दछौं । साथै ढोरपाटन नगरपालिका जेनजी पुस्ताको जायज मागहरु यथाशिघ्र सम्बोधन गर्न समेत संघीय सरकारलाई माग गर्दछौं ।

**धन बहादुर कायत**
**का.वा. नगर प्रमुख**

धन बहादुर कायत
का.वा.नगर प्रमुख